# परिवार सुझाव पत्र

LOUISVILLE GROWING READERS

पारिवारमा रहेर पढ्नु प्रत्येक उमेरमा महत्वपूर्ण हुन्छ। बालबालिकाहरू सँगै पढ्दा आफ्ना परिवारसँग सुमधुर सम्बन्ध गाँस्न सक्छन्। इलेमेन्टरी स्कूलको सुरुवातमा सँगै बसेर पढ्नु विशेष रूपमा महत्वपूर्ण हुन्छ। बालबालिकाहरू आफ्नो वातावरणप्रति बढी सचेत हुन्छन्। उनीहरूले अक्षर तथा शब्दहरू कसरी काम गर्छन् भन्ने पनि सिक्छन्। बालबालिकाहरू पढ्न सिक्ने भएकाले परिवारहरूले आफ्नो बालबालिकाहरूलाई मद्दत गर्न सक्छन्। तपाईंले आफ्नो Louisville Growing Readers पुस्तकालयमा पुस्तकहरू पढ्दा तपाईंले प्रयोग गर्न सक्ने केही सुझावहरू तल छन्।

- नियमित पढ्नुहोस्। टाँसिएर बस्नुहोस् र पढाईलाई एउटा सकारात्मक अनुभव बनाउनुहोस्। तपाईंको बच्चा तपाईंको काखमा वा तपाईंको छेउमा बस्न सक्छ ताकी उनीहरूले चित्रहरू देख्न सक्छन्। बालबालिकाहरू तपाईंसँग समय बिताउन पाउँदा खुशी हुनेछन्।
- कारणवस तपाईंको Growing Readers पुस्तकालयमा साना पुस्तकहरू छन्। ती साना बालबालिकाहरूका लागि बनाइएका हुन् ! तपाईं सँगै पढ्दा आफ्नो बच्चालाई पुस्तक समात्न र पृष्ठहरू पल्टाउन प्रोत्साहन गर्नुहोस्।
- तपाईंको पुस्तकालयको धेरै पुस्तकहरूमा प्रत्येक पृष्ठमा केही शब्द मात्रै छन्। पुस्तकहरू कस्ता हुन्छन् भन्ने बारे तपाईंको बच्चालाई बुझाउन मद्दत गर्न तिनलाई प्रयोग गर्नुहोस्। तपाईंले पढ्दै गर्दा शब्दहरू इंकित गर्नुहोस्। शब्दहरूको दिशाबारे कुरा गर्नुहोस्: देब्रेदेखि दाहिने र माथिदेखि तल। शब्दहरू बिचको खाली ठाउँहरू इंकित गर्नुहोस्।
- पुस्तकहरूबारे कुराकानीहरूले बालबालिकाहरूको भाषिक सीप निर्माण गर्दछन्। तपाईं के पढ्दै हुनुहुन्छ भन्नेबारे आफ्नो बच्चासँग कुरा गर्न समय निकाल्नुहोस्। नयाँ शब्दहरूको प्रयोगको नमुना तयार गर्नुहोस्। पूर्ण वाक्यहरू प्रयोग गरेर कुरा गर्नुहोस्। आफ्नो बच्चालाई कुरा गरिराख्न प्रोत्साहित गर्नुहोस्।
- आफ्नो बच्चालाई पुस्तकबारे प्रश्नहरू सोध्न दिनुहोस्। आफ्नो बच्चालाई अधिक शब्दहरू प्रयोग गर्न प्रोत्साहित गर्न तपाईंले पनि प्रश्नहरू सोध्न सक्नुहुन्छ। जवाफ दिन रोकटोक नहुने खालका प्रश्नहरू प्रयोग गर्नुहोस् ताकी कुनै बच्चाले केवल एक वा दुई शब्दमा जवाफ दिन नसकोस्। निम्न प्रयास गर्नुहोस्:
  - ...बारे मलाई बताउनुहोस्।
  - ... बारे तपाईं के सोच्नुहुन्छ?
  - मलाई थप भन्नुहोस्।
- धेरै बालबालिकाहरूले आफ्नो Growing Readers पुस्तकालयमा आफ्नो मनपर्ने पुस्तकहरू भेट्नेछन्। उनीहरू ति बारम्बार पढ्न चाहनेछन्। त्यो अत्यन्यै राम्रो हो! उही पुस्तक धेरै पटक पढ्नाले बालबालिकाहरूको साक्षरता सीपहरू निर्माण गर्न सक्छ।
- प्रत्येक दिन एउटा समय निर्धारण गर्ने प्रयास गर्नुहोस् ताकी तपाईं र तपाईंको बच्चाले सँगै पढेर बिताउन सक्नुहुन्छ। यसले उनीहरूलाई पढ्नु महत्वपूर्ण हो भन्ने जानकारी गराउँछ। तपाईंको बच्चाले प्रत्येक दिन यो विशेष दिनचर्याको प्रतिक्षा गर्नसक्छ।
- जब तपाईं आफ्नो बच्चासँग पढ्नुहुन्छ, मूर्ख भइन्छ कि जस्तो लाग्ने वा दोहोरिएको भनेर चिन्ता नगर्नुहोस्। उनीहरूको लागि सँगै हुनु एक रमाइलो तथा अद्भूत समय हो!